नेपाली कांग्रेस
काठमाण्डौ महानगर समिति

गणेशमान स्मृति भवन, ज्ञानेश्वर, काठमाण्डौ

प्रेस विज्ञप्ति

दलित सूचीमा समावेश गर्ने सरकारको निर्णयप्रति विरोध

नेपाल राजपत्र (भाग ५, खण्ड ७६, संख्या ३६) मा २०८३ असोज ८ गते प्रकाशित ४० भन्दा बढी नेवार जातिलाई दलित सूचीमा समावेश गर्ने नेपाल सरकारको निर्णयप्रति नेपाली कांग्रेस काठमाडौं महानगरपालिका समिति घोर विरोध तथा कडा आपत्ति व्यक्त गर्दछ।

नेवार समुदायसँग आवश्यक छलफल र सहमति नगरी तथा पर्याप्त वैज्ञानिक अध्ययनबिना गरिएको यस्तो संवेदनशील वर्गीकरणले समुदायको पहिचान, आत्मसम्मान र ऐतिहासिक विशिष्टतामाथि गम्भीर आघात पुऱ्याएको छ । यसले समुदायबीच अनावश्यक विभाजन बढाउने र दलित समुदायका वास्तविक समस्या तथा अधिकारका मुद्दालाई समेत ओझेलमा पार्ने जोखिम छ। नेवार समुदाय आफ्नै भाषा, लिपि, संस्कृति, परम्परा, इतिहास र सभ्यता भएको आदिवासी जनजाति समुदाय हो। समुदायको पहिचानसँग प्रत्यक्ष सम्बन्ध राख्ने विषयमा सम्बन्धित समुदायको आवाज नसुनी गरिएको हचुवा निर्णय स्वीकार्य हुनेछैन।

नेपाली कांग्रेस काठमाडौं महानगरपालिका समिति नेपाल सरकारसँग उक्त सूची तत्काल र पूर्ण रूपमा खारेज गर्न तथा खारेजीको निर्णय नेपाल राजपत्रमा प्रकाशित गर्न जोडदार माग गर्दछ। भविष्यमा कुनै पनि समुदायको पहिचानसँग सम्बन्धित सूची, वर्गीकरण वा नीति निर्माण गर्दा सम्बन्धित समुदाय, जातीय तथा सामुदायिक संस्थाहरू, विज्ञ र सरोकारवालासँग अर्थपूर्ण परामर्श गरी तथ्यमा आधारित अध्ययनपछि मात्र निर्णय लिन सरकारलाई आग्रह गर्दछौँ।

आज विभिन्न जातीय तथा सामुदायिक समाजका प्रतिनिधिहरूसँग भएको भेलाको निर्णयअनुसार सरकारको ध्यानाकर्षण गराउन नेपाली कांग्रेस काठमाडौं महानगरसमितिले भोलि विरोध कार्यक्रम गर्ने तथा निर्णय फिर्ता नभए सम्म बिरोध कार्यक्रम निरन्तता दिने निर्णय गरेकोछ। कार्यक्रममा सहभागी भई नेवार समुदायको पहिचान र सम्मानको पक्षमा ऐक्यबद्धता जनाउन सम्पूर्ण नगरवासी तथा आम समुदायमा हार्दिक अनुरोध गर्दछौँ।

धन्यवाद।

जय नेपाल !

सुसन वैद्य
सभापति
नेपाली कांग्रेस, काठमाडौं महानगर समिति
काठमाडौं ।

कार्यक्रमको विवरण:

मिति: २०८३ मंसिर १२ गते, शनिवार
समय: दिउसो ३:०० बजे
स्थान: असन डवलि